**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १३ मई २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले आज नवन्नामा आयोजित पत्रकार सम्मेलनमा भ्रष्टाचारविरुद्ध सरकारको 'शून्य सहनशीलता' नीतिको घोषणा गर्नु भएको छ l
- आज १८औँ पश्चिम बङ्गाल विधानसभाका नवनिर्वाचित विधायकहरूको शपथ ग्रहण समारोह कोलकातामा सम्पन्न भएको छ। जसमा दार्जीलिङ, खर्साङ ,कालेबुङ, कालचिनी अनि मदारीहाटका बिधायकहरुले मातृभाषामा शपथ ग्रहण गर्नुभयो l
- दार्जीलिंगका लोकसभा सांसद राजु विष्टले न्यु जलपाईगुडीलाई अमृतसरसँग जोड्ने नयाँ अमृत भारत एक्सप्रेसलाई स्वीकृति दिएकोमा भारतीय रेलवे बोर्डप्रति आभार व्यक्त गर्नुभएको छ।
- पश्चिम बंगाल सरकारले राज्यको परिवहन व्यवस्थालाई लिएर ठूलो निर्णय लिएको छ ।
- राज्य मन्त्रिमण्डलको पहिलो बैठकमा मुख्यमन्त्री शुभेन्दु अधिकारीले भारत–बङ्गलादेश सीमामा काँडेतारको तारबार लगाउने प्रक्रिया शुरु गर्न स्वीकृति दिनुभएको छ l

**पश्चिम बंगाल - मुख्यमंत्री - भ्रष्टाचार - "जीरो टॉलरेंस" नीति**

पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले आज नवन्नामा आयोजित पत्रकार सम्मेलनमा भ्रष्टाचारविरुद्ध सरकारको 'शून्य सहनशीलता' नीतिको घोषणा गर्नुभएको छ l

Byte सपन सुब्बा

मुख्यमन्त्री श्री अधिकारी ले भन्नुभयो - राज्य सरकारले केन्द्रीय अन्वेषण ब्यूरोलाई भ्रष्टाचारसँग सम्बन्धित मुद्दाहरूमा कारबाही गर्न र आरोपपत्र दर्ता गर्न अनुमति दिएको छ।मुख्यमन्त्री श्री अधिकारीले आरोप लगाउदै भन्नुभयो - पूर्ववर्ती सरकारले विगत चार वर्षदेखि सीबीआईका धेरै मुद्दाहरू थातीमा राखेर भ्रष्ट अधिकारीहरूलाई जोगाउने प्रयास गरेको थियो। उहाले अझ भन्नुभयो - सीबीआई वा अदालतद्वारा नियुक्त जाच एजेन्सीले कुनै पनि भ्रष्ट अधिकारीविरुद्ध आरोपपत्र दर्ता गर्न वा दण्डात्मक कारबाही गर्न राज्य सरकारको अनुमति आवश्यक छ। पूर्व सरकारले जानीबुझी यो अनुमति रोकेर राखेको थियो।मुख्यमन्त्री श्री अधिकारीले भन्नुभयो – उहाको सरकारले सीबीआईलाई तीन विभागहरूसँग सम्बन्धित भ्रष्टाचारको मामिलामा आवश्यक भर्ती भर्ना घोटाला, नगर निकाय र सहकारी विभागमा नियुक्ति अनियमिततासँग सम्बन्धित मुद्दाहरूमा अदालतको निर्देशमा जारी जाचमा संलग्न अधिकारीहरूलाई कारबाही गर्न अनुमति दिइएको स्पष्ट पार्नुभयो। मुख्यमन्त्री श्री अधिकारीले आफ्नो सरकार, जनताबाट ठूलो अपेक्षाहरु लिएर आएको बताउँनु हुदै संस्थागत भ्रष्टाचारविरुद्ध कठोर कदम चाल्नु सरकारको प्राथमिकता रहेको बताउनु भयो ।

**पश्चिम बङ्गाल- शपथ ग्रहण समारोह**

१८औँ पश्चिम बङ्गाल विधानसभाका नवनिर्वाचित विधायकहरूको शपथ ग्रहण समारोह कोलकातामा सम्पन्न भएको छ। मुख्यमन्त्री शुभेन्दु अधिकारीले भवानीपुर सीटबाट विधायकको रूपमा शपथ लिनुभएको छ भने नन्दीग्राम सीट खाली भएको छ। त्यसपछि अन्य पाँच मन्त्रीले पनि पनि शपथ लिए। आज दार्जीलिङका बिधायक नोमन राई , खर्साङका बिधायक सोनाम लामा, कालेबुङका बिधायक भरत छेत्री , कालचिनीका बिधायक विशाल लामा अनि मदारीहाटका बिधायक लक्ष्मन लिम्बूले मातृभाषामा शपथ ग्रहण गर्नुभयो ।दार्जीलिंगका लोकसभा संसद एव भाजपा का रास्ट्रीय प्रवक्ता राजु बिस्टले आज पश्चिम बङ्गाल विधानसभाका सदस्यको रूपमा शपथ ग्रहण गर्नुभएका पहाड ,तराई, डुवर्स क्षेत्रका सबै नव निर्वाचित

विधायकहरूलाई बधाई दिनु भएको छ।विधानसभाका कार्यावाहक अध्यक्ष तापस रायले बिधायकहरुलाई शपथ ग्रहण गराउनु भयो । आज शपथग्रहण समारोह दुई सत्रमा सम्पन्न भयो । आज फाल्टा विधानसभा क्षेत्र बाहेक १ देखि १५७ विधानसभा क्षेत्रका विधायकहरूले शपथ लिए। फालटामा २१ मईमा पुनर्मतदान हुनेछ।

**केन्द्रीय मन्त्रीमंडलले खरिफ मौसम-सिफारिस**

केन्द्रीय मन्त्रीमंडलले खरिफ मौसम 2026-27 को लागि 14 खरीफ फसलहरूको न्यूनतम समर्थन मूल्य एम.एस.पीको वृद्धिलाई अनुमोदन गरेको छ। केन्द्रीय मन्त्रिमण्डलको बैठकपछि सञ्चार माध्यमहरूलाई सम्बोधित गर्नुहुदै सूचना एवम् प्रसारण मन्त्री अश्विनी वैष्णवले भन्नुभयो, सरकारले कृषकहरूलाई उनीहरूको उत्पादनको लाभकारी मूल्य सुनिश्चित गर्नका लागि खरीफ फसलहरूको न्यूनतम समर्थन मूल्य बढाएको छ। उहाँले अझ भन्नुभयो, खरीफ मौसमका लागि किसानहरूलाई दुई लाख ६० हजार करोड रुपियाँ भुक्तान गर्ने अनुमान गरिएको छ। उहाले भन्नुभयो, यस मौसममा ८२४ लाख मेट्रिक टनभन्दा अधिक बाली खरिद गरिने अनुमान गरिएको छ। श्री वैष्णवले भन्नुभयो, न्यूनतम समर्थन मूल्यमा सबैभन्दा धेर 622 रुपिया प्रति क्विन्टलको वृद्धि सूर्यमुखीको बीजको लागि सिफारिस गरिएको छ, त्यसपछि कपासको लागि 557 प्रति क्विन्टल र तिलको लागि 500 रुपियाँ प्रति क्विन्टलको सिफारिश गरिएको छ। उहा अनुसार 'ए' ग्रेडको धानको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल २ हजार ४६१ रुपिया, ज्वार हाइब्रिडका लागि ४ हजार २३ रुपियाँ, बाजरा को २ हजार ९ सय रुपियाँ र टुरको ८ हजार ४५० रुपियाँ तोकिएको छ ।

**केंद्रीय माध्यमिक शिक्षा बोर्ड- सीबीएसई - परिणाम**

केन्द्रीय माध्यमिक शिक्षा बोर्ड सीबीएसई ले बार्हौं कक्षाको परिणाम घोषणा गरेको छ । विद्यार्थीहरूले आफ्नो रोल नम्बर हालेर आधिकारिक वेबसाइट, डिजि लकर र उमंग एपमा परिणाम हेर्न सक्छन्। यस वर्ष सी.बी.एस.ईको कक्षा १२ को विज्ञान, वाणिज्य र मानविकी विषयको परीक्षा १७ फरवरी देखि १० अप्रेल सम्म परीक्षा आयोजित गरिएको थियो।सीबीएसईले एक विज्ञप्ति जारी गर्दै १७ लाख ६८ हजार भन्दा अधिक विद्यार्थीहरू परीक्षामा भाग लिएका थिए र १५ लाख ७ हजार भन्दा अधिक विद्यार्थीहरू उत्तीर्ण भएका थिए। यस वर्ष कुल उत्तीर्ण प्रतिशत ८५.२० प्रतिशत रहेको छ जसमा बिधार्थी छात्राहरुको उत्तीर्ण प्रतिशत ८८.८६ प्रतिशत छ भने छात्रहरुको उत्तीर्ण प्रतिशत ८२.१३ प्रतिशत रहेको छ ।

**दार्जीलिंग सांसद -रेलवे -आभार**

दार्जीलिंगका लोकसभा सांसद राजु विष्टले न्यु जलपाईगुडीलाई अमृतसरसँग जोड्ने नयाँ अमृत भारत एक्सप्रेसलाई स्वीकृति दिएकोमा भारतीय रेलवे बोर्डप्रति आभार व्यक्त गर्नुभएको छ।संसद विस्टले भन्नुभएको छ - ट्रेन नम्बर १४६६४/१४६६३ अमृतसर-न्यू जलपाईगुडी अमृत भारत एक्सप्रेस हप्तामा एक पटक सञ्चालन हुनेछ, जुन प्रत्येक बिहीबार अमृतसरबाट प्रस्थान गर्दछ। फिर्ती यात्रामा, ट्रेन प्रत्येक शनिबार बिहान 8:00 बजे न्यू जलपाईगुडीबाट प्रस्थान गर्नेछ र सोमबार बिहान 2:20 बजे अमृतसर पुग्नेछ। रेल नवनिर्मित ललितग्राम बाईपास र अररिया-गलगलिया रेलवे खण्ड हुँदै जानेछ, जसले हाम्रो दार्जिलिङ, तराई, डुवर्स, सिलीगुडी, बागडोगरा, ठाकुरगञ्ज, कोसी ,मिथिला, र सीमाञ्चल क्षेत्रहरूका मानिसहरूलाई ठूलो राहत दिनुक साथै सुधार सम्पर्कसित जोड्नेछ ।

**राज्य मंत्रिमंडल - भारत-बांग्लादेश सीमा**

राज्य मन्त्रिमण्डलको पहिलो बैठकमा मुख्यमन्त्री शुभेन्दु अधिकारीले भारत–बङ्गलादेश सीमामा काँडेतारको तारबार लगाउने प्रक्रिया शुरु गर्न स्वीकृति दिनुभएको छ । जसको फलस्वरूप ,सिलिगुडी महकुमा अन्तर्गत फासीदेवा को सीमा क्षेत्रमा बसोबास गर्ने नागरिकहरु बीच घुसपैठ तथा तस्करी रोक्ने आशा जगाएको छ, यद्यपि केही मानिसहरू सम्भावित विस्थापनलाई लिएर चिन्तित पनि छन्। तारबार गर्न भूमि दिने क्रममा धेरै परिवार बसाइँ सर्नुपर्ने अवस्था आउने स्थानीयवासीले बताएका छन् ।

2-Byte सपन सुब्बा

लामो समयदेखि पुनःस्थापनाको माग गर्दै आएका सदर बजार र धनिया मोड क्षेत्रका बासिन्दाले अहिले सरकारको निर्णयलाई नियालिरहेका छन् । दार्जीलिङका जिल्ला अधिकारे  हरिशंकर पणिक्करले कुनै पनि भारतीय नागरिकलाई दुःख भोग्न नदिने आश्वासन दिनुभएको छ ।फूलबारी नजिकै लालदासजोटदेखि हप्टियागाछ सम्म २१ किलोमिटर लामो भारत–बंगलादेश सीमा फाँसिदेवा ब्लकअन्तर्गत पर्दछ, जसमा लगभग  साढे चार किलोमिटर क्षेत्र अझै खुला छ। धनिया मोडको लगभग साढे दुई किलोमिटर खुला क्षेत्रमा बर्ष  २०२४ को अगस्टदेखि अस्थायी तारबार लगाउन शुरु भएको थियो भने मुडिखावा क्षेत्रमा भूमि अधिग्रहणको प्रक्रिया पनि चलिरहेको छ ।यस क्षेत्रमा लामो समयदेखि गाई तस्करीको गुनासो आइरहेको छ । सीमा सुरक्षा बल बीएसएफले पनि भूमिसँग सम्बन्धित जटिलताका कारण काम सुस्त भएको स्वीकार गरे पनि अब समाधानको आशा जागेको छ ।

मन्त्रिमण्डलको  बैठकमा आगामी ४५ दिनभित्र आवश्यक भूमि  बीएसएफलाई हस्तान्तरण गर्न निर्देश दिइएको छ ।

**पश्चिम बंगाल सरकार अंतर-राज्यीय आवागमन**

पश्चिम बंगाल सरकारले आलु, प्याज, फलफूल, तरकारी, तिल , अनाज, पशु उत्पादन र अन्य आवश्यक उत्पादनहरूको अन्तरराज्यीय आवागमनमा लगाइएको  सबै प्रतिबन्धहरू हटाएको छ। यो प्रतिबन्ध अघिल्लो तृणमूल कांग्रेसको सरकारले लगाएको थियो । जानकारीका अनुसार यी प्रतिबन्धका कारण आलु किसान र अन्य संस्थाहरुले ठूलो नोक्सानी खप्दै आएका थिए ।

**कोलकाता पुलिस**

कोलकाता पुलिसले शहरमा कानून  व्यवस्था कायम गर्ने क्षमतालाई अझ बलियो बनाउने उद्देश्यका साथ ठूलो कदम चालेको छ।पुलिस  अधिकारीहरुले आज पुलिसहरु माझ  अनुशासन, समन्वय र टिम भावना बढाउन नयाँ निर्देशिका जारी गरिएको बताएका छन् ।

पुलिस कमिश्नर अजय नन्दले जारी गरेको निर्देश अनुसार अब शहरको प्रत्येक पुलिस डिभिजनमा प्रत्येक १५ दिनमा नियमित रूपमा 'मास्टर परेड' आयोजना गरिनेछ। यसका साथै विशेष प्रशिक्षणका कार्यक्रमहरु पनि अनिवार्य गरिएको छ । नयाँ निर्देशिका अनुसार प्रत्येक डिभिजनले प्रत्येक १५ दिनमा एक पटक 'मास्टर परेड' आयोजना गर्नुपर्ने व्यवस्था गरिएको छ । यसबाहेक 'भीड प्रबन्धन ', 'टिम बिल्डिङ' सहित  कानून  व्यवस्था प्रबन्धनका विषयमा विशेष प्रशिक्षण शिविर  पनि आयोजना गरिनेछ ।

**कोलकाता -ट्रोल पंपों - सुरक्षा जागरूकता,**

ट्रोल पम्पहरूमा सुरक्षा जागरूकता, आपतकालीन तयारी र उत्तम परिचालन प्रथाहरूलाई बढावा दिने उद्देश्यका साथ, इन्डियन आयल कर्पोरेसन लिमिटेडको तत्वावधानमा प्रिन्स अनवर शाह रोड, कोलकाताको प्रिन्स सर्भिस स्टेशनमा खुद्रा सुरक्षा अभियान आयोजना गरियो । यस अभियानको माध्यमबाट कम्पनीले आफ्नो खुद्रा नेटवर्कमा सुरक्षा मापदण्ड र परिचालन उत्कृष्टतालाई थप सुदृढ पार्ने आफ्नो प्रतिबद्धता दोहोर्याएको छ ।यस अवधिमा मार्केटिङ हेड अफिसका कार्यकारी निर्देशक स्वास्थ्य, सुरक्षा र पर्यावरण  देबकुमार सरकारले गतिविधिहरूको समीक्षा गर्नुभयो ।कार्यक्रममा पश्चिम बंगाल कार्यालयका खुद्रा विभागका प्रमुख आशिष कुमार गुप्ता र कोलकाता शाखाका प्रमुख राजीव विश्वासको पनि उपस्थिति हुनुहुन्थ्यो । कार्यक्रम अवधि , आपतकालीन परिस्थितिहरूको सामना गर्न पूर्वतयारीको मूल्यांकन गर्न एक मोक ड्रिल आयोजित गरिएको थियो।

**बागडोगरा - बैंगडूबी सेना छावनी -संदिग्ध बांग्लादेशी पक्राउ**

बागडोगराको बैंङ्डुबी सेना छावनी क्षेत्रबाट एक संदिग्ध बंगलादेशी युवकलाई पक्राउ गरिएको छ। उनलाई सेनाको क्विक रेस्पोन्स टिमले हिजो राति छाउनी क्षेत्र नजिकैको रेलवे बोगीमा पस्न खोज्दा पक्राउ गरेको थियो ।प्रारम्भिक सोधपुछमा

ती युवकको बयानमा असन्तुष्टि देखिएपछि उनलाई बागडोगरा पुलिसको जिम्मा लगाइएको छ । पुलिस सुत्र अनुसार, पक्राउ परेका ती युवक बंगलादेशी नागरिक भएको पुस्टि भएको छ ।सैन्य छाउनी क्षेत्रमा प्रतिबन्ध लगाए पनि उनी कसरी भित्र पसे भन्नेबारे सैन्य गुप्तचर एजेन्सीले जाच गरिरहेका छन् ।

**सिलगडी-आगलागी**

सिलगडी शहर नजिक पतिराम जोतको अनिल नगर क्षेत्रमा आज बिहान भयानक आगो लाग्दा एउटा पुरानो फर्नीचर फ्याक्ट्री पूर्ण रूपमा जलेर खरानीमा परिणत भएको छ । मालिक पक्ष अनुसार यस दुर्घटनामा करोड़ौं रुपियाँको फर्नीचर जलेर नष्ट भएको छ। घटनाको जाँच माटीगाड़ा थाना पुलिसले शुरू गरेको छ। हाल आगलागीको कारण थाहा पाउन सकिएको छैन।

**मोहन बगान – पुर्व अध्यक्ष निधन**

मोहन बागान क्लबका एक अनुभवी प्रशासक तथा पूर्व अध्यक्ष स्वपन साधन बोस उर्फ टुटु बोसको हिज राति ७८ वर्षको उमेरमा निधन भएको छ । लामो समयदेखि बिरामी रहेका बोसले दक्षिण कोलकाताको एक निजी अस्पतालमा अन्तिम सास फेरे। सोमबार साँझ हृदयघात भएपछि उहालाई अस्पतलामा भर्ना गरिएको थियो र भेन्टिलेटरमा राखिएको थियो। मुख्यमन्त्री शुभेन्दु अधिकारीले टुटु बोसको निधनमा गहिरो समवेदना व्यक्त गर्नुभएको छ I उहाको मृत्युले फुटबल जगतमा, विशेष गरी कोलकातामा, शोकको लहर छाएको छ।
राज्यका खेल मन्त्री निसित प्रामाणिक अनि अखिल भारतीय फुटबल महासंघका अध्यक्ष कल्याण चौबेले गहिरो धोक व्यक्त गर्नुभएको छ I

**पश्चिम बंगाल - मौसम**

वैशाखको अन्तिम दिनहरूमा पश्चिम बंगालमा गरमको प्रभाव पुनः तीव्र हुन थालेको छ। केही दिनअघि लगातारको वर्षा र हावाहुरीका कारण कोलकातासहित दक्षिण बंगालमा बिहान र रातको मौसममा परिवर्तन आएको छ । मौसम विभाग अनुसार कोलकातामा आज बिहानैदेखि कडा घामको प्रभाव देखियो । मौसम विभाग अनुसार ,दक्षिण बङ्गालको मौसम विस्तारै सुख्खा हुँदै गएको छ । अबको केही दिन पानी पर्ने सम्भावना कम रहेको छ भने शनिबारसम्म मौसममा क्रमिक रुपमा तापक्रम बढ्न सक्ने बताइएको छ । आज दार्जीलिंग , कालेबुंग अलीपुरद्वार, जलपाईगुडी, कुचबिहार र उत्तर दिनाजपुरमा मुशलधार वर्षा हुने अनुमान गरिएको छ। यो अवधि बर्षा संगै ४० देखि ५० किलोमिटर प्रतिघण्टाको गतिमा हावा चल्ने सम्भावना रहेको छ ।

**********